राष्ट्रिय व्यवसायिक पहल

मितिः २०६७ बैशाख १७

# राष्ट्रिय सहमतिको लागि एन.बि.आई.को अपिल

नेपालका सबैजसो राजनैतिक दलहरुले राष्ट्रिय सहमति र सहकार्यको कुरा गरिरहेकै बेला संभवतः मुलुकले आगामी केही हप्ताहरुसम्म असहज परिस्थितिको सामना गर्दैछ । यस परिप्रेक्ष्यमा शान्ति र समृद्धिको नारा सहित नेपालको निजी क्षेत्रद्वारा स्थापित नेशनल बिजनेश इनिसियटिभ (एन.बि.आई.) सबै राजनीतिक दल, राजनैतिक कार्यकर्ता, नागरिक समाज तथा आम नेपाली जनतामा सहमतिको लागि पहल गर्न वा कम्तिमा पनि आफ्ना प्रदर्शन कार्यक्रमहरु शान्तिपूर्ण राख्न हार्दिक अपिल गर्दछ । साथै हामी सरकार र सुरक्षा निकायहरुलाई समेत यस संवेदनशील घडिमा मानव अधिकारको सर्वमान्य सिद्धान्तहरुको पालना गर्न एवं परिस्थितिलाई उत्तेजक बनाउने तर्फ अग्रसर नहुन हार्दिक अन'रोध गर्दछौं ।

मुलुकले शान्ति र राजनैतिक माग प्राप्तिका लागि धेरै रगत बगाइसकेको छ । अब थप विवाद र मुठभेड भन्दा पनि मूल मुद्दामा राष्ट्रिय सहमति कायम गरी अगाडि बढ्ने बेला आएको छ । अब हामीले द्वन्दलाई सहमति र अन्ततोगत्वा समृद्दिमा परिणत गर्ने बेला आएको छ । किनभने हरेक व्यक्ति देश, समाज र आफ्नै लागि केही गर्ने विशेष क्षमता राख्दछ भन्ने कुरामा हाम्रो पूर्ण विश्वास छ ।

बाह्रबुँदे सहमतिदेखि हालसम्म प्राप्त ऐतिहासिक उपलब्धिहरुको जगेर्ना गर्दै र विगतमा भएका कमीकमजोरीहरुको समीक्षा गर्दै सकारात्मक परिवर्तन सहितको दीगो शान्ति स्थापनाको लागि सम्पूर्ण नेपाली जनताहरु जुट्नु पर्ने बेला आएको हाम्रो दृढ मान्यता रहेको छ । यी सबै कुरा बल प्रयोग, जबर्जस्ती आदि कृयाकलापबाट संभव नभई संवाद, सहमति र सहकार्यबाट मात्र हुनसक्दछ । साथै हामीले हामी आफै,अन्तर्राष्ट्रिय जगत तथा हाम्रा भावी सन्ततीहरुलाई पनि दीगो शान्तिको लागि केही गरेर देखाउने बेला आएको छ ।

तसर्थ, आजैदेखि सबै किसिमका राजनैतिक मुद्दालाई सहमतिय आधारमा निराकरण गरी विगतका पुर्वाग्रहहरुलाई बिर्सेर एकै स्वरले भनौं – "हाम्रो नेपाल राम्रो नेपाल, हाम्रो देश सबैभन्दा वेश ।"

***********

पो. व. न. २४२४७, कान्तिपथ, काठमाडौ, नेपाल
फोन : ४२३ ०१४७, फ्याक्स : ९७७ १ ४२२ ११९८
इमेल : info@nbinepal.org.np
वेबसाइट : www.nbinepal.org.np